तुलसीपुर उपमहानगरपालिका
सहकारी संस्था एकिकरण निर्देशिका- २०७८

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,
तुलसीपुर दाङ

तुलसीपुर उपमहानगरपालिका,

तुलसीपुर,दाङ

सहकारी संस्था एकिकरण निर्देशिका- २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०७/११

प्रस्तावना:

सहकारी संस्थाको गुणात्मक विकासका लागि एकिकरणका मानक एवं प्रक्रियाहरु निर्धारण गर्नु वान्छनीय भएकाले,

तुलसीपर उपमहानगरपालिका सहकारी ऐन २०७४ को दफा ९९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "सहकारी संस्थाको एकिकरंण निर्देशिका २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

(क) **"एकिकरण"** भन्नाले यस पालिकामा सञ्चालित दुई वा दुई भन्दा बढि सहकारी संस्थाहरुलाई एक आपसमा गाभी प्रत्येक सस्थाको सदस्यहरु स्वत: सदस्य रहने गरी सम्पत्ति र दायित्व समेत एकिकृत हुने गरी एउटा सहकारी संस्था कायम गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ख) **"एकिकृत व्यवस्थापन सूचना प्रणाली"** भन्नाले विभागले स्थापना गरेको इन्टरनेट सञ्चालन प्रविधिमा आधारीत सहकारी तथा गरिबि सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सम्झनु पर्दछ ।

(ग) **"सहकारी ऐन"** भन्नाले तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन २०७५ लाई सम्झनु पर्दछ।

(घ) **"नियामक निकाय"** भन्नाले तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले तोकेको सहकारी शाखा वा सो नतोकेकोमा प्रमुख प्रशासकिय अधिकृतले तोकेको शाखा वा अधिकार प्रत्यायोजन गरिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ड) **"प्रस्ताव"** भन्नाले दुई वा दुई भन्दा धेरै सहकारी संस्थाहरुले एकिकरणका लागि संयुक्त रुपमा पेश गरेको प्रस्तावलाई सम्झनु पर्दछ ।

(च) **"संयुक्त साधारण सभा"** भन्नाले एकिकरण गरिने सहकारी संस्थाहरुको संयुक्त साधारण सभा सम्झनु पर्दछ ।

(छ) **"संयोजन कार्यदल"** भन्नाले यस निर्देशिका बमोजिम एकिकरणका लागि गठित संयुक्त कार्यदललाई सम्झनु पर्दछ ।

परिच्छेद-२
मौजुदा संस्थाहरुको साङ्ख्यिक पुनरावलोकन

३. **अधिकतम् संस्था संख्या कायम गर्नेः** (१) नियामक निकायले उपमहानगरपालिकाको हरेक वडामा जम्मा जनसंख्यालाई एक सहकारी संस्था बराबर पांच हजारले भाग गरी आउने भागफल बराबर त्यस्तो वडामा वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको अधिकतम् संख्या कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकतम संख्या कामय गर्दा भागफलको दशमलव पछाडी जतिसुकै अंक भए तापनि पूर्ण अंकको मात्र आधार लिनु पर्दछ ।

४ **अधिकतम संख्या कायम गरिएको सूचनाः** (१) दफा ३ बमोजिम अधिकतम संख्या कायम गरिएका सूचना नियामक निकायले अनुसूची-१ को ढाँचामा कार्यालयको सूचनापाटी, वेभसाइट र सम्बन्धित वडा कार्यालयको सूचना पाटी र स्थानिय एफ.एम. रेडियो र पत्रिकामा प्रसारण प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको प्रति यथासक्य सम्बन्धित सबै सहकारी संस्थालाई जानकारी दिनुपर्नेछ ।

५. **नयाँ संस्था दर्ता वा बिषय परिवर्तन गर्न नहुनेः** (१) दफा ३ बमोजिम संख्या निर्धारण अनुसार कुनै वडामा निर्धारण गरिएको संख्या पुरा भएको भएमा बचत तथा ऋण कारोवार गर्ने नर्या संस्था दर्ता गर्नुहुदैन ।

(२) निर्धारण गरिएको संख्या पुगेका वार्डहरुमा वचत तथा ऋणको कारोवार गर्ने गरी अन्य प्रकृतिका सहकारी संस्थाहरु दर्ता वा एकिकरणको अनुमति दिनु हुनैन ।

तर मुख्य कारोवार वचत तथा ऋण नहुने गरी नयाँ संस्था दर्ता गर्न र एकिकरण गर्न यसले कुनै बाधा पार्ने छैन ।

(३) सहकारी संस्थाले संचालन गरेको व्यवसायीक क्रियाकलापहरुमा पछिल्लो आर्थिक बर्ष सम्ममा वासलातमा रहेको वचत (निक्षेप) को दायित्व र पछिल्लो आर्थिक वर्षको खरिद वा विक्री कारोवारमा कम्तिमा ३० प्रतिशत भन्दा बढि हिस्सा भएको कारोवारलाई मुख्य कारोवार मानिनेछ ।

६. **मौजुदा संस्थाको विवरण अद्यावधीकरणः** यस पालिकाका वडाहरुमा रहेका सहकारी संस्थाहरुका विवरण देहाय बमोजिम अद्यावधिक गरिनेछः-

(क) स्थानिय तह वा प्रदेश वा विभाय जहाँसुकैको नियामन क्षेत्राधिकारमा पर्ने भए तापनि यस पालिकाका वडाहरुमा मुख्य कार्यालय राखि कार्य सञ्चालन गरेको तर बढिमा जिल्लासम्म कार्यक्षेत्र कायम भएको वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु समावेश गर्ने ।

(ख) बचत तथा ऋणको मुख्य कारोवार गर्ने भए तापनि निजामती सेवा, सार्वजनिक संस्थानका सेवा, शिक्षण तथा प्राध्यापन पेशा आदिमा संलग्नता, संस्थागत वा पेशागत साभा बन्धनको आधारमा दर्ता भएको कुनै पनि संस्था समावेश नगर्ने ।

(ग) बहुउद्देश्यीय, कृषि लगायत अन्य प्रकृतिको सहकारी संस्था दफा ५ को उपदफा (३) बमोजिम वचत तथा ऋणको कारोवार गरेको भए तापनि मुख्य कारोवार बचत तथा ऋण नभएका सहकारी संस्थाहरुलाई समावेश नगर्ने ।

(घ) बहुउद्देश्यीय, कृषि लगायत जुनसुकै बिषय वा प्रकृतिका भए तापनि बचत तथा ऋणको मुख्य कारोवार गरी रहेको खण्डमा सबै संस्थाहरु समावेश गर्ने ।

तर स्थानिय तहको कानूनको म्याद भित्र बचत तथा ऋणको मुख्य कारोवार नगर्ने गरी दर्ता हुदाको बखत मुख्य कारोवार गर्ने गरी विश्वसनीय कार्ययोजना नियामक निकायमा पेश गरेको भए त्यस्तो संस्थालाई समावेश गर्नु पर्ने छैन ।

७. **समुह बर्गीकरण गर्नु पर्नेः** दफा ६ बमोजिम अद्यावधिक विवरण तयार पार्दा नियामक निकायले मोजुदा संस्थाहरुलाई कार्यक्षेत्रका आधारमा देहाएका समुहमा बर्गीकरण गर्नु पर्नेछ :-

(क) सम्बन्धित वडा सम्म कार्यक्षेत्र हुने संस्थाहरु पहिलो समुहमा,

(ख) सम्बन्धित बडाभन्दा बढी स्थानिय तह सम्म कार्यक्षेत्र हुने संस्थाहरुलाई दोश्रो समुहमा र

(ग) सम्बन्धित स्थानीय तह भन्दा बढी जिल्ला सम्म कार्यक्षेत्र हुने संस्थाहरुलाई तेश्रो समुहमा ।

८. **मौजुदा संस्थाको सूचि प्रकाशनः** (१) नियामक निकायले दफा ६ बमोजिमको अद्यावधिक विवरणका आधारमा अनूसूचि-२ को ढाँचामा बचत तथा ऋणको मुख्य कारोवार गर्ने मौजुदा संस्थाहरुको सूचि प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचि नियामक निकायको सूचना पाटीमा टाँस गर्नुका साथै वेवसाइट र स्थानिय संचारमाध्यमबाट समेत प्रकाशन, प्रसारण गर्नु पर्नेछ ।

(३) उपदाफा (१) बमोजिम सूचि प्रकाशन गर्दा सा`मा कुनै दाविविरोध भए सात दिन भित्र निकायमा पेश गर्न सकिने व्यहोरा समेत खुलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दाविविरोध परेमा सोमा सातदिन भित्र छानविन गरी संशोधन गर्नु पर्ने कुनै कुरा भए संशोधन गरी उपदफा (२) बमोजिम संशोधित सूचि प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम प्रकाशित सूचि वा संशोधित सूचिको प्रति यथासक्य सम्बन्धित सबै सहकारी संस्था र जिल्ला सहकारी संघमा पत्र वा इमेल मार्फत पठाउनु पर्नेछ ।

९. **पछिल्लो जनगणनाको आधार लिनु पर्नेः**- यस परिच्छेदमा उल्लेख भए बमोजिम जनसंख्याको हिसाव गर्दा पछिल्लो राष्ट्रिय जनगणनाको आधार लिनु पर्नेछ ।

१०. **जनगणना अनुसार पुनरावलोकन गर्न सक्नेः**- नियामक निकायले प्रत्येक नयाँ राष्ट्रिय जनगणनाका प्रतिवेदनका आधारमा दफा ३ बमोजिम कायम गरिएको अधिकतम् संस्था संख्या पुनरावलोकन गर्न सक्नेछ ।

परिच्छेद-३
मौजुदा संस्थाहरुको साङ्ख्यिक समायोजन

११. **स्वैच्छिक एकिकरणद्धारा संस्था संख्या मिलानः** (१) नियामक निकायले दफा ८ को उपदफा बमोजम प्रकाशित सूचिबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने मौजुदा संस्थाहरुको संख्या अधिकतम् संस्था संख्या भन्दा बढि रहेको देखिएमा नियामक निकायले स्वैच्छिक एकिकरणको म्याद दिन सक्नेछ

। सो म्याद भित्र स्वैच्छिक एकिकरणको प्रक्रियाद्वारा मिलान गर्न सम्बन्धित सबै संस्थाहरुका साथै जिल्ला सहकारी संघलाई जानकारी गराउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउदा तोकिएको संस्था संख्या अनुसार देहायका सर्त र आधार पुरा गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछः-

(क) दफा ५ को उपदफा (३) बमोजिम वचत तथा ऋणको कारोवार गरेका तर मुख्य कारोवार बचत तथा ऋण नभएका बहुउद्देश्यीय सहकारी संस्था संग एकिकरण पश्चात पनि मुख्यकारोवार बचत तथा ऋण नहुने वा नगर्ने गरी बहुउद्देश्यीय, बचत तथा ऋण, कृषि, उपभोक्ता वा जुनसुकै प्रकृतिका सहकारीहरुले एकिकरण गरी बुहुउद्देश्यीय प्रकृतिको संस्था बनाउन सक्नेछन् ।

(ख) तोकिएको संस्था संख्याको सिमा भित्र रहेर वचत तथा ऋण सहकारी संस्था संग विषय परिवर्तन गरी वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी अन्य विषय वा प्रकृतिका संस्थाहरुले एकिकरण गर्न सक्नेछन् ।

(ग) एकिकरण गरेको कम्तिमा २ बर्षको अबधिमा वचत तथा ऋणको मुख्य कारोवार नगर्ने गरी बचत तथा ऋण सहकारी संस्थाहरुले बहुउद्देश्यीय वा कृषि संस्थाको विषय परिवर्तन गर्न वा बहुउद्देश्यीय वा कृषि सहकारी संस्थाहरु संग एकिकरण गर्न सक्नेछन् ।

(घ) कुनै वडामा एक मात्र संस्था संख्या निर्धारण भएकोमा दफा ७ बमोजिम पहिलो समुहका सबै संस्थाहरु एकिकरण गरी वचत तथा ऋणको विषयगत संस्था कायम गर्ने ।

(ङ) दुई वा दुई भन्दा बढी संस्था संख्या निर्धारण भएकोमा महिला संस्था भएकोमा महिला संस्थाहरुलाई एकिकरण गरी एक बनाउने र अन्य मिश्रित सदस्य भएका संस्थाहरुलाई निर्धारित संस्था संख्याको सिमा भित्र रहि संस्थाहरु एकिकरण गर्ने ।

(च) महिला मात्र सदस्य भएका सहकारी संस्थाहरु मिश्रीत सदस्य भएका संस्थाहरु संग एकिकरण गर्न स्वैच्छाले चाहेमा एकिकरण गर्न सक्नेछन् ।

(छ) दफा ७ बमोजिमका दोश्रो र तेश्रो समुहका सहकारी संस्थाहरुले पहिलो समुहका सहकारी संस्थाहरु संग एकिकरण गर्दा तोकिएको संस्था संख्याको सिमाभित्र रहि गर्न सक्नेछन् । सो भएमा यसरी एकिकरण भएको संस्थाको संख्यालाई पनि सम्बन्धित वडामा गणना गरीनेछ ।

(ज) एकिकरण पछि कायम हुने सदस्य संख्याको गणना गर्दा दुई वा दुई भन्दा बढी संस्थामा दोहोरो पर्ने सदस्यलाई एकै जना मान्नु पर्नेछ ।

(झ) दफा ७ बमोजिम दोश्रो समुहका संस्थाहरुलाई पनि सम्बन्धित वडाहरुमा संस्था संख्यामा गणना गर्नु पर्नेछ ।

१२. <u>बिशेष संस्था यथाबतै राख्नुपर्नेः</u> - यस पालिकाको कुनै वडामा बिशेषरुपमा पिछडिएको समुदायमा स्थापित संस्थाको सांगठानिक गतिशिलतामा असर पर्ने देखिएमा त्यस्तो संस्थालाई यथावतै राखि बाँकीको हकमा मात्र स्वैच्छिक एकिकरणद्धारा संख्या मिलान गरिनेछ ।

१३. <u>बचत तथा ऋणको मुख्य कारोवार गर्न रोक लगानु पर्नेः</u>- स्वैच्छिक एकिकरणको प्रक्रियामा सहभागी हुन नचाहने वा चाहेर पनि वित्तिय अबस्था लगायतको कारणबाट स्वैच्छिक एकिकरणमा सहभागी भएका संस्थाहरुले एकिकरणका लागि सहमति नजनाएको संस्थालाई एकिकरणका लागि नियामक

निकायले तोकिदिएको म्याद सकिएको भोलिपल्ट देखि बचत तथा ऋणको कारोवार गर्नबाट रोक लगाउनु पर्नेछ ।

१४. **संस्था सारी संख्या मिलान गर्न नहुने:-** एउटा वडामा रहेको सहकारी संस्था अर्को वडामा सारी वा त्यस्तो संस्थाको मुख्य कार्यालय रहेको साविकको ठेगाना मिलान गरी संख्या मिलान गर्न पाईने छैन । तर उपमहानगरपालिका भरी कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुले ठेगाना परिवर्तन गर्न यसले वाधा पार्ने छैन ।

१५. **सहजीकरण गर्नु पर्ने:-** (१) स्वैच्छिक एकिकरणबाट संख्या मिलान गर्ने सिलसिलामा नियामक निकायले वडागत, संस्थागत वा उपयुक्त अन्यरुपमा सम्बन्धित संस्थाका प्रतिनिधि डाकी वा त्यसरी डाकीएको स्थानमा पुगी समायोजन प्रक्रियामा प्रकास पारी वा तत्सम्बन्धमा कुनै द्विविधा भए प्रस्ट गराई वा सम्बन्धित सहकारी संस्थाको आबश्यकता अनुसारको सहयोग पुर्याई सहजीकरण गर्नु पर्नेछ ।

(२) नियामक निकायले सहकारी आन्दोलनको प्रवर्धन, वित्तिय सुशासनको मानकहरु, समुदायमा आधारित सहकारीताको विकासका लागि ऐन, नियमावली, कानूनको व्यवस्था लगायतका विषयमा आम सदस्यहरुलाई सुसुचित गराउने उद्देश्यले शिक्षाशिविर, अनुशिक्षण, अन्तक्रिया जस्ता विभिन्न सर्चेतनामूलक कार्यकलाप समेत गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सहजिकरण वा सचेतनामूलक क्रियाकलाप सञ्चालन गर्दा नियामक निकायले आवश्यकता अनुसार जिल्ला सहकारी संघको सहयोग लिन सक्नेछ ।

१६.**बिषय परिवर्तन:-** (१) एकिकरण प्रक्रियामा सहभागि हुन नचाहेको वा चाहेर पनि वित्तिय अबस्था लगाएतको कारणबाट स्वैच्छिक एकिकरणको प्रक्रियामा सहभागि भएका संस्थाहरुले एकिकरणका लागि सहमति नजनाएको वचत तथा ऋणको मुख्य कारोवार गरेको संस्थाले विषय परिवर्तन गर्न सक्नेछ ।

(२) दफा १३ बमोजिम वचत तथा ऋणको कारोवार गर्न रोक लगाईएको संस्थाले बिषय परिवर्तन गर्न चाहेमा नियामक निकायले मनासिव माफिकको समय दिन सक्नेछ । तर उक्त समयमा बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।

परिच्छेद-४
एकिकरण प्रस्ताव तर्जुमा

१७. **संयोजन कार्यदल गठन:-** (१) एकिकरण कार्यलाई व्यबस्थित तुल्याउन एकिकरणका लागि सैद्धान्तिक रुपमा सहमती भएका संस्थाहरुले एक संयोजन कार्यदल गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संयोजन कार्यदल गठन गर्दा एकिकरण गरिने सहकारी संस्थाहरुका तर्फबाट कुनै एकले वा विषगत वा जिल्ला सहकारी संघ वा नियामक निकाय वा संयुक्त सहमतीमा एकिकरणमा सहभागि हुन चाहेको सहकारी संस्थाहरुको संचालक समिति र लेखा समितिको संयुक्त बैठक डाक्नु पर्नेछ । यसरी डाकेको संयुक्त बैठकले प्रत्येक सहकारी संस्थाबाट संचालक समितिका अध्यक्ष समेत कम्तीमा तिन जनाका दरले प्रतिनिधि चयन गरी जेष्ठ अध्यक्षलाई संयोजक तोक्नु पर्नेछ ।

(३) एकिकरणका लागि संयुक्त बैठक वोलाउन वा सो को व्यवस्थापन गर्न वा सहजीकरणका कार्य जिल्ला सहकारी संघ वा नियामक निकायले पनि गर्न सक्नेछ ।

(४) संयोजन कार्यदलमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यलाई राख्नु हुने छैन ।

(५) संयोजन कार्यदलको कामलाई व्यवस्थित बनाउन आबश्यकता अनुसार कुनै एक संस्थाको व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतलाई सदस्य सचिव तोक्न सक्नेछ ।

(६) आबश्यकता अनुसार अस्थाई रुपमा संयोजन कार्यदलको कार्यालय कुनै एक संस्थाको कार्यालय तोक्ने सकिने छ ।

१८. **नियामक निकायमा जानकारी पठाउनु पर्ने :** (१) संयोजन कार्यदल गठन भएको सात दिन भित्र संयोजन कार्यदलको संयोजकले गठन विधि र संयोजन कार्यदल गठन गर्दाको संयुक्त बैठकको निणर्य प्रतिलिपि समेत संलग्न गरी नियामक निकायलाई जानकारी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी एकिकृत व्यवस्थापन सूचना प्रणालीमा संप्रेषण गरेको भएकोमा पनि नियामक निकायमा जनकारी पठाएको मानिनेछ ।

१९. **संयोजन कार्यदलको काम, कर्तव्य र अधिकार:-** संयोजन कार्यदलको काम गर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) एकिकरणका लागि आबश्यक प्रस्ताव र बैठकको कार्यसूचि तयार गर्ने,

(ख) प्रस्तावित विनियम र कार्यविधिहरुको मस्यौदा तर्जुमा गर्ने,

(ग) एकिकरण भएको कम्तिमा एक बर्षका लागि एकिकृत संस्थाको नीति, कार्यक्रम, कार्ययोजना र वजेट मस्यौदा तुर्जमा गर्ने,

(घ) एकिकृत संस्थाको नाम, ठेगाना, कर्मचारी समायोजन, दर्ता नं., पान नं., जारी शेयर पूजी लगायतका विषयमा सहमति गरी स्वीकृतिका लागि संयुक्त साधारण सभामा पेश गर्ने,

(ङ) एकिकरणका लागि सहमत सबै संस्थाहरुको हिसाव किताव ऋण, धन, सम्पत्तिको इजाजत प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गरी स्वीकृतिका लागि सयुक्त साधारण सभामा पेश गर्ने हिसाव तयार गर्दा अघिल्लो महिनाको मसान्त सम्मलाई आधार लिईने छ तर आर्थिक बर्ष समाप्त भै अन्तिम लेखा परिक्षण भैसकेको रहेछ भने असोज मसान्त सम्मका लागि पहिल्लो असार मसान्त सम्मको हिसावलाई आधार लिनु पर्नेछ,

(च) कार्यदलले गरेका निणर्यहरु अनुमोदनका लागि सम्बन्धित सहकारी संस्थाहरुमा पठाउने,

(छ) संयुक्त साधारण सभाको मिति तोक्ने, त्यसको व्यवस्थापन गर्ने, सूचना जारी गर्ने,

(ज) संयुक्त साधारण सभाको कार्यक्रम बनाउने,

(झ) संस्थाहरुका विचमा संयोजन गर्ने,

(ञ) एकिकरण हुने सबै संस्थाहरुको संचालक समिति र लेखा समिति सहितको संयुक्त बैठक वोलाउने, बैठकका प्रस्ताव तयार गर्ने, प्रस्ताव उपर छलफल गर्ने र निणर्य लिने ।

(ट) संयोजन कार्यदलको बैठक र संयुक्त बैठकको अध्यक्षता संयोजन कार्यदलको संयोजकले गर्नेछन् यदि संयोजकको अनुपस्थित भएमा कार्यदलमा भएका संस्थाहरु मध्ये अर्को संस्थाका जेष्ठ अध्यक्षले गर्नेछन् र

(ठ) कार्यदलको बैठक तथा संयुक्त साधारण सभाले गरेका निणर्यहरु वा अन्य अभिलेखहरु प्रमाणित गर्ने र सुरक्षित साथ राख्ने ।

२०. **प्रस्तावलाई अन्तिम रुप दिने:-** संयोजन कार्यदलले तर्जुमा गरेको प्रस्तावको मस्यौदा संलग्न सहकारी संस्था वा संस्थाहरुको संचालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठकमा पेश गरी त्यसमा बैठकको कुनै राय सुझाव भए उपयुक्त राय सुझाव समावेश गरेर प्रस्तावलाई अन्तिम रुप दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम रुप दिईएको प्रस्ताव संयोजन कार्यदलले संलग्न संस्थाहरुको संचालक समितिमा विचारार्थ पठाउनु पर्नेछ ।

२१. **प्रस्ताव फिर्ता पठाउन सक्नेः-** (१) दफा २० बमोजिम संयोजन कार्यदलबाट अन्तिम रुप दिईएको प्रस्तावमा संयुक्त बैठकबाट प्रदान गरिएको उपयुक्त सुझाव समावेश गर्न छुट भएको वा आफ्ना सहकारी संस्थाबाट व्यक्ती कुनै सरोकार सम्बोधन नभएको वा त्यस बिच कुनै नयाँ विषय सम्बन्धमा बिशेषतः प्रस्ट पार्नु पर्ने वा कुनै व्यबस्थामा थपघट गर्नु पर्ने देखिएकोमा संबन्धित संचालक समितिले तत्सम्बन्धी व्यहोरा जनाएर पुर्नविचार गर्न संयोजन कार्यदलमा फिर्ता पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव फिर्ता प्राप्त भएकोमा संयोजन कार्यदलले यथाशीघ्र पुर्नविचार गरी कुनै कुरा संसोधन गर्नु पर्ने भए गरिएको संशोधनको व्यहोरा र गर्नु नपर्ने भए नपर्नाको कारण समेत खुलाएर पुनःसमितिमा पठाउनु पर्नेछ ।

२२. **पुर्व-स्वीकृतिका लागि निवेदन दिनेः-** दफा १७ बमोजिम गठन भएको संयोजन कार्यदलले नियामक निकायसमक्ष एकिकरण हुने सहकारी संस्थाहरुको विवरण सहित एकिकरणको पूर्व स्वीकृतीका लागि निवेदन दिनु पर्नेछ । संयुक्त निदेदनमा एकिकरणमा संलग्न संस्थाहरुका अध्यक्षको हस्ताक्षर र छाप हुनुपर्नेछ । पुर्व स्वीकृतिका लागि पेश गरिने निवेदनको अनुसूचि-३ को ढाँचामा हुनेछ ।

२३. **पुर्व-स्वीकृति दिनेः-** (१) नियामक निकायले दफा २२ बमोजिम निवेदन प्राप्त भएको ७ दिन भित्र निवेदन तथा सोमा उल्लेखित विवरणको जाँच गरी यस निर्देशिका बमोजिम प्रक्रिया पुरा गरी आए नआएको हेरी सहकारी सिद्धान्त, मूल्य मान्यता वा ऐन नियमावली अनुकुल भएको पाइएमा सहकारी संस्थालाई अनुसुचि -४ को ढाँचामा एकिकरणको पुर्व-स्वीकृति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुर्व-स्वीकृति दिदा सहकारी सिद्धान्त,मूल्य मान्यता वा सहकारी ऐन वा यस निर्देशिकाको प्रतिकुलहुने गरी निवेदन आएको भएमा त्यसलाई सच्चाउनु पर्ने व्यहोरा समेत जनाई पुर्व-स्वीकृति दिनु पर्नेछ ।

(३) यसरी दिईको पुर्व-स्वीकृतिको मान्य अवधि ६ महिनाको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनासिव कारण परि सम्बन्धीत सहकारी संस्था वा संयोजन कार्यदलको निवेदन प्राप्त भएकोमा नियामक निकायले पुर्व-स्वीकृतिको मान्य अवधि तिन महिना सम्म थप गरिदिन सक्नेछ ।

परिच्छेद-५

संयुक्त साधारण सभा

२४. **संयुक्त साधारण सभा तोक्नेः-** (१) दफा २३ बमोजिम नियामक निकाएको पूर्व स्वीकृति प्राप्त भए पछि संयोजन कार्यदलको बैठकले उपयुक्त, स्थान, समय र मितिमा संयुक्त साधारण सभा वोलाउनु पर्नेछ ।

(२) संयोजन कार्यदलको अध्यक्ष देश वाहिर रहेको वा अन्य बिशेष कारणले बैठक वोलाउने अबस्थामा नरहेको खण्डमा संयोजन कार्यदलमा रहेका समितिका अध्यक्ष मध्ये जेष्ठ सदस्यले बैठक वोलाई संयुक्त साधारण सभा तोक्न सक्नेछन् ।

(३) संयुक्त साधारण सभाको बैठकको अध्यक्षता संयोजन कार्यदलको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित संयोजन कार्यदलमा रहेका समितिका अध्यक्षहरु मध्येको जेष्ठ सदस्यले गर्नेछन् ।

२५. **संयुक्त साधारण सभाको काम, कर्तव्य र अधिकारः-** (१) संयुक्त साधारण सभाको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) संयोजन कार्यदलले पेश गरेका प्रस्तावहरुलाई अन्तिम रुप दिई पारित गर्ने,
(ख) एकिकरण पछि कायम हुने सहकारी संस्थाको नीति, कर्यक्रम तथा कार्ययोजना स्वीकृत गर्ने,
(ग) एकिकरण पछि कायम हुने सहकारी संस्थाको प्रस्तावित विनियम र कार्यविधिहरुको मस्यौदा पारित गर्ने, (घ) नियामक निकायले एकिकरण प्रस्ताव स्वीकृत गरेका दिन देखि एकिकरण कायम हुने सहकारी संस्थाको पहिलो विधिवत् साधारण सभा नहुन्जेल सम्म दैनिक कार्य सञ्चालनका लागि तदर्थ सञ्चालक समिति गठन गर्ने,
(ङ) एकिकरण हिसाव मिलान तथा चालु बर्षको लेखांपरिक्षण गर्न इजाजत प्राप्त लेखा परिक्षक नियुक्त गरी पारिश्रमिक तोक्ने,
(च) एकिकरण पछि कायम हुने सहकारी संस्थाको संगठन तालिका साथै कर्मचारी दरबन्दी संरचना एवं साविकको सहकारी संस्थाबाट समायोजन हुने कर्मचारीको पद मिलान तालिका स्वीकृत गर्ने,
(छ) संयोजन कार्यदलको खर्चको फाँटवारी अनुमोदनका साथै त्यस्तो खर्च सम्बद्ध सहकारी संस्थाहरुले के-कस्तो आधार र अनुपातमा बेहोर्ने भन्ने तय गर्ने,
(ज) एकिकरण प्रयोजन पुरा गर्ने वा सोको सिलसिलामा आबश्यक हुने कार्यका लागि संयोजन कार्यदलले पेश गरेको अन्य प्रस्तावमा विचार गरी निकास दिने र
(झ) संयुक्त साधारण सभाका निर्णयहरु प्रमाणीत गर्नका लागि तदर्थ संचालक समितिको संख्या भन्दा कम नहुने गरि प्रतिनिधिहरु चयन गर्ने ।

२६. **संयुक्त साधारण सभासम्बन्धी बिशेष व्यवस्था**:- (१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भएतापनि दुई हजार भन्द बढी सदस्य भएका र प्रतिनिधिमूलक साधारण सभाको व्यवस्था गरेका वा एकिकरण गरिने सहकारी संस्थाहरु मध्ये कुनै एक संस्थाको प्रतिनिधिमूलक साधारण सभाका व्यवस्था भएकोमा प्रतिनिधि चयन सम्बन्धी प्रक्रिया सोहि संस्थाको विनियम वा कार्यविधिमा तोकिए बमोजिम हुनेछ । यसरी चुनिएका प्रतिनिधिहरु दफा २५ बमोजिमको साधारण सभाका सदस्य हुनेछन् ।

(२) एकिकरणमा संबद्ध सहकारीहरु कुनै मात्र उपदफा (१) बमोजिमको अबस्था भएको खण्डमा वांकी सहकारी संस्थाहरुको हकमा समेत संयुक्त साधारण सभाको प्रयोजनका लागि त्यति नै संख्यामा प्रतिनिधिहरु चयन गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

२७. **संयुक्त साधारण सभाको गणपूरक संख्या र निर्णय**:- (१) संयुक्त साधारण सभाको गणपूरक संख्या सम्बद्ध सबै सहकारी सस्थाहरुको कुल सदस्य संख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिने छ।

(२) संयुक्त साधारण सभामा उपस्थित बहुमत सदस्यहरुबाट प्रस्तुत प्रस्तावहरु पारित गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २६ बमोजिमको प्रतिनिधिमूलक साधारण सभा भएकोमा चयन भएका प्रतिनिधिहरुको बहुमतलाई नै संयुक्त साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ ।

२८. **संयोजन कार्यदल स्वत:विघटन हुने**:- दफा २४ र २६ बमाजिम बसेको संयुक्त साधारण सभाको सम्पूर्ण कारवाई समाप्त भए पछि संयोजन कार्यदल स्वत:विघटन हुनेछ ।
तर कार्यसूचिका सबै विषय टुंगो नलागी वा कुनै विषयमा थप बुझ्नु पर्ने भई वा अन्य कुनै व्यबहारिक कारण परि संयुक्त साधारण सभाको पुन: बैठक बस्नु पर्ने भएकोमा त्यसरी अन्तिम पटक बस्ने बैठकको कारवाई समाप्त नुहन्जेल संयोजन कार्यदल कायमै रहनेछ ।

परिच्छेद-६
एकिकरण प्रस्तावको स्वीकृति

२९. **प्रस्ताव स्वीकृतिका लागि दरखास्त दिने:** (१) संयुक्त साधारण सभाबाट पारित भएका प्रस्तावका साथै एकिकरण पछि कायम हुने सहकारी संस्था वा संस्थाको विनियम स्वीकृतिका लागि संबन्धित सहकारी संस्थाको समितिको तर्फबाट अध्यक्षहरुले आ-आफ्नो संस्थाको छाप लगाएर नियामक निकाय समक्ष अनुसूचि-५ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्तका साथ देहायका कागजपत्र संलग्न गर्नु पर्नेछः-

(क) संयुक्त साधारण सभाको निर्णयको प्रतिलिपि,

(ख) संयुक्त साधारण सभाबाट पारित भएको विनियमको दुई प्रति,

(ग) संयुक्त साधारण सभाबाट पारित भएको नीति, कार्यक्रम, कार्ययोजना र बजेटको दुई प्रति,

(घ) तदर्थ संचालक समितिको तिनपुस्ते विवरण, पासपोर्ट साइजको फोटो टाँस गरी सम्पर्क नम्बर सहितको विवरण,

(ड) संस्था एकिरण भए पछिको एकिकृत संस्थाको साधारण सभाले पारित गरेको वासलात र

(च) नियामक निकायले तोकेको अन्य विवरण वा सम्पुष्टिजनक कागजपत्र ।

(३) उपदफा २ को खण्ड (ख) बमोजिमको विनियममा "एकिकरणपूर्वको ....सहकारी संस्थाको विनियम बमोजिम भए गरेका काम कारोवार यसै विनियम बमोजिम भए गरेको मानिनेछ"भन्ने व्यवस्था समेत राख्नु पर्नेछ ।

३०.**प्रस्तावको स्वीकृति:-** (१) नियामक निकायले दफा २९ बमोजिम प्राप्त भएको दरखास्त उपर साधारणतयाः सात दिन भित्र आबश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा अन्य कुराका अतिरिक्त अनुसूचि-६ को ढाँचामा एकिकरणका लागि प्रस्ताव प्राप्त हुन आएको व्यहोरा खुलाएर बढिमा पाँच दिनको म्याद राखी तत्सम्बन्धमा सरोकारवाला कसैको कुनै सरोकार, गुनासो वा उजुरी भए निवेदन दिन आह्वान गरी कार्यालयको सूचना पार्टीका साथै सम्बन्धित सहकारी संस्थाहरुको कार्यालयको सूचना पार्टीमा र नियामक निकायको वेवसाइटमा सम्प्रेषण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद भित्र कुनै निवेदन प्राप्त भएकोमा नियामक निकायले तत्सम्बन्धमा छानविन गरी उपमहानगरपालिकाको कानूनमा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ ।

(४) अनेत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिम प्राप्त दरखास्त उपर उपदफा (२) बमोजिम निवेदन परेकोमा सोको जाँचबुझ गर्दा सहकारी मुल्य मान्यता, सिद्धान्त र यस निर्देशिका अनुकुल भएको पाईएमा एकिकरण प्रस्ताव र विनियम स्वीकृत गरी स्वीकृत विनियमको कार्यालय प्रति राखि अर्को प्रति सम्बन्धित सहकारी संस्थामा पठाउनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम विनियम स्वीकृत गर्दा सोको अन्तिम पृष्ठमा मिति..........को निणर्यबाट एकिकरण गरी विनियम स्वीकृत भन्ने व्यहोरा जनाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सहकारी मुल्य, मान्यता, सिद्धान्त र यस निर्देशिका अनुरुप नभएको पाइएमा सोको व्यहोरा जनाई तदनुरुप गरी पेश गर्न प्राप्त प्रस्ताव, विनियम र कार्ययोजना सम्बन्धित सहकारी संस्थामा फिर्ता पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको व्यहोरा सच्चाई प्राप्त भएको तिन दिनभित्र प्रस्ताव र विनियम स्वीकृतिको निर्णय गरिसक्नुपर्नेछ ।

३१. **नाम, दर्ता नम्बर र लगत संशोधन:-** (१) दर्ता अधिकारीले दफा ३० बमोजिम एकिकरण भई कायम हुने सहकारी संस्थाको नाम र दर्ता नम्बरका सम्बन्धमा देहायको अवस्थामा देहायबमोजिम गरी लगत संशोधन गर्नु पर्नेछ:-

(क) साविकको कुनै सहकारी संस्थाको नाम यथावत राख्ने गरी प्रस्ताव भई आएकोमा त्यस्तोसहकारी संस्थाको नाममा दर्ता नम्बर समेत यथावत राखी दर्ता कितावमा "मिति.........को निर्णयबाट ....र ....सहकारी संस्थाहरु समेत एकिकरण गरिएको" भन्ने व्यहोरा जनाउने,

(ख) खण्ड (क) को अबस्थामा साविक नाम तथा दर्ता नंम्बर कायम गरिएको सहकारी संस्था वाहेकका एकिकृत गरिएका अन्य सहकारी संस्थाहरु प्रत्येकको हकमा "मिति...........को निणर्यबाट सहकारी संस्थामा एकिकरण गरिएको" भन्ने व्यहोरा जनाएर लगत कट्टि गरिदिने,

(ग) साविकको कुनै सहकारी संस्थाको नाम हुबहु नमिल्ने गरी एकिकरण पछि कायम हुने सहकारी संस्थाको नाम राख्ने प्रस्ताव भइआएकोमा नयाँ नामको सहकारी संस्था दर्ता गरी दर्ता कितावको कैफियत महलमा "मिति...........को निर्णयबाट ....सहकारी संस्था लि. र .. .. सहकारी संस्थाहरु एकिकरण गरी नयाँ नाम तथा दर्ता नम्बर दिइएको" भन्ने व्यहोरा जनाइराख्ने र

(घ) खण्ड (ग) को अवस्थामा एकिकृत गरिएका सहकारी संस्थाहरु प्रत्येकको हकमा "मिति.........को निर्णयबाट ....सहकारी संस्था र ....सहकारी संस्थासंग एकिकरण गरी दर्ता नंम्बर ....को ....सहकारी संस्था कायम गरिएको" भन्ने व्यहोरा जनाएर लगत कट्टि गरिदिने ।

(२) प्रदेश वा विभाग अर्न्तगतको कार्यक्षत्र भएको भए पनि यस पालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरु संग एकिकरण गरी एकिकरण पछिको कार्यक्षेत्र यस पालिका भित्र मात्र लिन मञ्जुर गरी प्रस्ताव आएकोमा उपदफा (१) बमोजिम नाम र दर्ता नम्बर दिएर लगत कट्टि गर्न सम्बन्धित निकाएमा लेखि पठाउने ।

३२. **दर्ता प्रमाण-पत्र:-** दफा ३१ बमोजिम एकिकरण पछि कायम गरिएको सहकारी संस्थालाई अनुसूचि-७ को ढाँचामा दर्ता प्रमाण-पत्र दिनु पर्नेछ ।

३३. **एकिकरण गरिएको सूचना:-** (१) नियामक निकायले सहकारी संस्था एकिकरण भए पछि तत्ससम्बन्धी सूचना अनुसूचि -८ बमोजिमको ढाँचामा कार्यालयमा टाँस गरी बेवसाईटमा राख्नुका साथै सम्बन्धित सरोकारवालाले जानकारी पाउने गरी स्थानिय एफ.एम.रेडियो र पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(२) सकारी संस्थाको एकिकरण भएको जानकारी जिल्ला सहकारी संघ, सम्बन्धित विषयगत संघलाई नियामक निकायले गराउनु पर्नेछ ।

(३) सहकारी संस्थाले सदस्यहरुलाई विभिन्न सूचना विधि अबलम्बन गरी एकिकरणको जानकारी दिनु पर्नेछ ।

३४. **अन्तरिम अबधिमा दैनिक कार्य सञ्चालन:** (१) संयुक्त साधारण सभाबाट प्रस्ताव पारित भए पछि नियमक निकायबाट स्वीकृति नभए सम्म सम्बद्ध सहकारी संस्थाको साविकको समितिले नै दैनिक कार्य सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अबधिमा सबिकको सहकारी संस्थाको साधारण सभाको बैठक डाक्न, साधारण सभाबाट अनुमोदन गराउने गरी कुनै निणर्य गर्न हुनेछैन ।

तर यसमा लेखिएको कुनै कुराले संयुक्त साधारण सभाको विधि नपुगेको कारण नियामक निकायबाट फिर्ता प्राप्त हुन आएको प्रस्ताव वा विनियममा पुर्नविचार गर्न साधारण सभा वा संयुक्त साधारण साभाको बैठक वोलाउन बाधा पुर्याएको मानिने छैन ।

(३) नियामक निकायबाट एकिकरण प्रस्ताव एवं विनियम अस्वीकृत गरिएको जानकारी प्राप्त भएको खण्डमा सम्बद्ध सहकारी संस्थाहरुको साविक बमोजिमको कार्य सञ्चालनमा अन्तरिम अबधिको निर्बन्धन समाप्त हुनेछ ।

परिच्छेद-७
हिसाव मिलान

३५. **हिसाव मिलान मिति तोक्ने**:- (१) एकिकरणको हिसाव मिलानको प्रयोजनका लागि संयोजन कार्यदलले मिति तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मिति तोक्दा आर्थिक बर्ष समाप्त भएको वा अर्धवार्षिक वा चौमासिक वा मासिक खाताबन्दीको समय पार्नु पर्नेछ ।

तर संयुक्त साधारण सभा बस्नु भन्दा कम्तिमा सात दिन अधिको मिति तोक्नु पर्नेछ ।

३६. **हिसाव मिलान विधिः**- एकिकरण गर्दा सम्बद्ध सहकारी संस्थाहरुको हिसाव एकिकृत गर्नका लागि एकिकरण संयुक्त ऋणधनमा आधारित विधि अबलम्बन गर्नु पर्नेछ ।

३७. **संयुक्त ऋणधन विधिबाट हिसाव मिलानः**- (१) दफा ३६ बमोजिम हिसाव मिलान गर्दा एकिकृत हुने सहकारी संस्थाहरुको अलग अलग वासलात तयार गरी यसरी तयार भएको वासलातलाई एकिकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव एकिकृत गर्दा एकिकरण हुने सहकारी संस्थाहरु एक अर्का बिच साविकमा कुनै लेनादेनाको रकम कलम रहेको भए सो कटाउनु पर्नेछ ।

३८. **तोकिएको मिति अगाबै हिसाव फरफारक गरीसक्नु पर्नेः**- देहायको रकमकलम साधारणतया एकिकरणको हिसाव मिलान मिति अगावै सम्बन्धित सहकारी संस्थाले नै फरफारक गरिसक्नु पर्नेछः

(क) शेयर लाभांश कोषको वितरण गर्नु पर्ने रकम,

(ख) संरक्षित पूँजी कोषको वितरण गर्नु पर्ने रकम,

(ग) उधारो खरिद वापतको भुक्तनी दिनुपर्ने रहम,

(घ) आयकर वापत दाखिला गर्नु पर्ने रकम र

(ङ) एकिकरण पछि अर्को सहकारी संस्थामा खण्डीकरण गरी भुक्तानी दिन वा फछ्यौट गर्न असुविधा पर्ने लेनादेनाको रकमकलम ।

३९. **मिलान हुन नसकेको रकमकलमको समायोजनः**- दफा ३८ बमोजिम सम्बन्धित सहकारी संस्थाले नै फरफारक गरिसक्नु पर्ने रकम बिशेष कारणबस निर्धारित मिति भित्र फरफारक हुन नसकेको अबस्थामा एकिकरण गर्दा जुनसुकै रकमकलमको जिम्मेवारी भएको भए पनि एकिकरण पछि कायम हुने सहकारी संस्थामा सार्ने ।

४०. **स्थिर सम्पत्तिको थप मुल्यांकन गरी हिसाव समायोजन गर्न नहुनेः**- एकिकरण गर्दा भवन, जग्गाजमिन वा अन्य कुनै पनि प्रकारको स्थिर सम्पत्तिको मुल्यांकन गरी हिसाव समायोजन गर्न हुदैन ।

४१. **लेखापरिक्षण प्रतिवेदनको आधार लिनु पर्नेः**- एकिकरणको हिसाव मिलान गर्दा सम्बद्ध सहकारी संस्थाको पछिल्लो वार्षिक लेखापरिक्षण प्रतिवेदनको आधार लिनु पर्नेछ ।

४२. **प्रवेश शुल्क बुझाएको मानिने:-** एकिकरण भई एक सहकारी संस्थाको सदस्य अर्को सहकारी संस्थामा सारीएकोमा त्यस्तो सदस्यले साविक सहकारी संस्थाको विनियम बमोजिम प्रवेश शुल्क वापतको रकम बुझाएको भए एकिकृत सहकारी संस्थामा प्रवेश शुल्क वापतको रकम बुझाएको मानिनेछ ।

४३. **हिसाव मिलान प्रमाणित गराउनु पर्ने:-** (१) नियामक निकायले एकिकरण स्वीकृत गरेको बढिमा एक महिना भित्र हिसाव मिलानको कार्य सम्पन्न गरी संयुक्त साधारण सभाले तोकेको लेखापरिक्षकबाट प्रमाणित गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणित गरिएको हिसाव तदर्थ संचालक समितिले स्वीकृत गर्नु पर्नेछ ।

४४. **हिसाव हस्तान्तरण :-** दफा ४३ बमोजिम प्रमाणित र स्वीकृत भएको हिसाव सात दिन भित्र हस्तान्तरण कार्य सम्पन्न गरिसक्नु पर्नेछ । हिसाव हस्तान्तरण गर्दा सो संग सम्बन्धित सम्पूर्ण श्रेष्ता र तदनुसारको नगदी समेत बुझाउनु पर्नेछ ।

४५. **एकिकृत व्यबस्थापन सूचना प्रणालीमा विवरण अद्यावधीकरण गर्नुपर्ने:-** एकिकरण कायम भएको जानकारी, संस्थाको आधारभुत विवरण, नियामक निकायले एकिकरण स्वीकृत गरेको र अन्य विस्तृत विवरण सहकारी संस्थाले दफा ४४ बमोजिम हिसाव हस्तान्तरण भएको पन्ध्र दिनभित्र एकिकृत व्यबस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

परिच्छेद-८
विविध

४४. **कार्यक्षेत्रका सम्बन्धमा:-** यस पालिका क्षेत्र भन्दा धेरै कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले यस पालिका भित्र मात्रको कार्यक्षेत्र लिने गरी यसै पालिका भित्रको कार्य क्षेत्र भएका वा नभएका सहकारी संस्था संग एकिकरण गर्ने भएमा यसै निर्देशिका बमोजिम हुने छ । यसरी एकिकरण हुन आउने सहकारी संस्थाहरुको एकिकरण स्वीकृति गरी लगत कट्टा गर्नका लागि संबन्धित निकायमा नियामक निकायले लेखि पठाउनु पर्नेछ ।

४५. **तदर्थ समितिलाई कार्यभार हस्तान्तरण :-** नियामक निकायले एकिकरण स्वीकृत गरेको मिति देखि साविक समितिले एकिृत संस्थाको कार्यभार संयुक्त साधारण सभाबाट गठित तदर्थ संचालक समितिलाई हस्तान्तरण गर्नुपर्नेछ ।

४६. **लेखा समितिले हिसाव हेर्ने :-** एकिकरणका लागि संयुक्त साधारण सभा अगाडीको हिसाव सम्वद्ध साविक लेखा समितिले नियामक निकायले एकिकरण स्वीकृति प्रदान गरेको मिति देखि एकिकृत संस्थाको हिसाव संयुक्त साधारण सभाबाट गठित लेखासमितिले हेर्नेछ ।

४७. **संस्थाहरु गाभिन सक्ने :-**(१) अनेत्र जेसुकै लेखिएको भएता पनि दुई वा सोभन्दा धेरै सहकारी संस्थाले कुनै अर्को सहकारी संस्थामा छिटो विधिबाट गाभिने सम्बद्ध सहकारी संस्थाहरुको संचालक समिति र लेखा समितिको संयुक्त बैठकले निणर्य गरी कुनै संस्थामा गाभीने निर्णयको अनुसूचि - ५ को ढाँचामा नियामक निकायमा दरखास्त दिएमा त्यस्ता संस्थाहरुको एकिकरण स्वीकृत गरी दफा ३१ बमोजिम लगत कट्टि गरी कैफियत जनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिन चाहने सहकारी संस्थाहरुले गाभिन चाहेको सहकरी संस्थाको संचालक समिति, लेखा समिति, हरहिसाव, सम्बद्ध सबै सहकारी संस्थाले स्वीकार गरेको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गाभिन चाहने संस्थाहरुले यस निर्देशिकामा तोकिएका अन्य प्रक्रिया पुरा गर्नु अनिबार्य हुने छैन ।

४८. **नयाँ निस्सा प्रमाण दिने:-** (१) एकिकरण पछि साविक सहकारी संस्थाको नाम र दर्ता नम्बर परिवर्तन भएकोमा सदस्यको साबिक सहकारी संस्थाको सदस्यता परिचय-पत्र र शेयर प्रमाण-पत्र लिई सोको

सट्टामा नयाँ कायम भएको सहकारी संस्थाको सदस्यता परिचय-पत्र र शेयर प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाण-पत्र नलिएकै कारणले सदस्यले संस्थाबाट पाउने हक अधिकारबाट बन्चित गर्न पाईने छैन ।

(३) नयाँ कायम भएको सहकारी संस्थाको सदस्यता नम्बर दिदा प्रस्तावमा अन्य लेखिएकोमा बाहेक निवेदन दर्ता क्रमको आधारमा लिनुपर्नेछ ।

४९. **नामसारी:-** (१) एकिकरण भए पछि हस्तान्तरण भएको सम्पत्ति प्रचलित कानून बमोजिम साविक सहकारी संस्थाबाट नयाँ एकिकृत सहकारी संस्थाको स्वामित्व कायम हुने गरी नामसारी गराउनु पर्ने छ ।

(२) हालवाला सहकारी संस्थाले एकिकरणको फलस्वरुप हस्तान्तरण भई आएको साविक सहकारी संस्थाको कर, ऋण वा अन्य दायित्वका सम्बन्धमा तत्काल सम्बन्धित निकाय वा पक्ष संग सम्पर्क राखी प्रचलित कानुन बमोजिम आफ्नो नाममा कायम गराएर जिम्मेवारी सार्नु पर्नेछ ।

(३) एकिकरण पछि साविक सहकारी संस्थाको नाम वा दर्ता नम्बर परिवर्तन भएकोमा साविक सहकारी संस्थाको बैंक खाता बन्द गरी मौज्दात नयाँ कायम भएको सहकारी संस्थाको खातामा सार्नु पर्नेछ

(४) सहकारी संस्थाले यस दफा बमोजिम भए गरेको प्रत्येक कार्यको जानकारी नियामक निकायलाई दिनु पर्नेछ तथा नियामक निकायले पनि तत्सम्बन्धमा आबश्यक सहयोग गरिदिनु पर्नेछ ।

(५) तदर्थ समितिले नामसारी लगाएतका कार्यहरुको सम्बन्धमा सदस्यहरुलाई निरन्तर सुसूचित गरी तत्सम्बन्धी प्रतिवेदन लगत्तै बस्ने साधारण सभामा पेश गर्नुपर्नेछ ।

५०. **प्रस्तावमा लेखिएबमोजिम हुने:-** यस निर्देशिकामा नलेखिएका एकिकरण बिशेषका कुराका हकमा नियामक निकायले स्वीकृत गरेको प्रस्तावमा लेखिए बमोजिम हुनेछ ।

५१. **प्रोत्साहन गरिने:-** सहकारी क्षेत्रको गुणात्मक विकासको लागि बढि भन्दा बढि सहकारी संस्थाहरुको एकिकरणमा जोड गरीनेछ । एकिकरणलाई सकेसम्म सहज, सरल र छरितो बनाईनेछ । एकिकरणमा आउने सहकारी संस्थाहरुलाई प्रोत्साहन स्वरुप सहकारी समितिको सिफारिशमा नगर कार्यपालिकाको निर्णय अनुसार नगद वा जिन्सी प्रदान गरी पुरस्कृत र सम्मानित गर्न सक्नेछ ।

५२ **बाधा अटकाउ फुकाउन सक्ने:-** यो निर्देशिकाको कार्यान्वयनको शिलशिलमा कुनै बाधा अट्काउ परेमा अधिकार प्राप्त अधिकारीले फुकांई दिन सक्नेछन् ।

५३. **व्याख्या गर्ने अधिकार:-** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार ,प्रमुख प्रशासकिय अधिकृतमा रहनेछ ।

५४. **खारेजी र बचाउ:-** यो निर्देशिका जारी हुन भन्दा अगाडी एकिकरण सम्बन्धी भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

(तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको मिति...........मा सम्पन्न बैठक न........बाट स्वीकृत)

प्रमाणित गर्नेको

दस्तखत

पद:

मिति:

प्रमाणिकरण

दस्तखत :

नाम : घनश्याम पाण्डे

पद : प्रमुख

मिति : २०७८/०७/११

पृष्ठ संख्या : २१ (एकाईस)

अनुसूचि - १

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

अधिकतम् संस्था संख्या कायम गरिएको सूचनाको ढाँचा

तुलसीपुर उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सहकारी शाखा तुलसीपुर, दाङ

विषयः- वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको अधिकतम् संख्या कायम गरिएको सूचना :

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत सहकारी संस्थाहरुको एकिकरण निर्देशिका, २०७८ को दफा ३ बमोजिम यस सहकारी शाखाबाट मितिः............मा.तुलसीपुर उपमहानगरपालिका वार्ड न.........मा वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको अधिकतम् संख्या ....कायम गरिएको व्यहोरा सार्वजनिक रुपमा जानकारी गराइन्छ ।

दस्तखत.........................

नाम............................

पद............................

मितिः........................

अनुसूचि - २

(दफा ८ को उपदफा (१) संग सम्बन्धित)

नियामक निकायले प्रकाशन गर्ने वचत तथा ऋणको मुख्य कारोवार गर्ने मौजुदा संस्थाहरुको सूचिको ढाँचा

तुलसीपुर उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सहकारी शाखा तुलसीपुर, दाङ

विषयः- **वचत तथा ऋणको मुख्य कारोवार गर्ने मौजुदा सहकारी संस्थाहरुको सूचि प्रकशन गरिएको सूचना**

प्रकाशन मितिः ....

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत सहकारी संस्थाहरुको एकिकरण निर्देशिका, २०७८ को दफा ६ बमोजिम यस सहकारी शाखाबाट मितिः............मा.तुलसीपुर उपमहानगरपालिका वार्ड न.........मा वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको तपसिल बमोजिमको सूची सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ । सोमा कुनै दावी विरोध भए प्रकाशित मितिले सात दिन भित्र जुनसुकै सहकारी संस्था वा नागरिकले यस कार्यालयको सहकारी शाखामा पेश गर्नु हुन समेत जानकारी गराइन्छ ।

तपसिल

सहकारी संस्थाको साङ्खिक विवरण		तुलसीपुर उपमहानगरपालिका वार्ड नं.........मा मौजुदा सहकारी संस्थाको बर्गीकृत विवरण									कैफियत
कायम गरीएको अधिकतम् संख्या	मौजुदा संख्या	सि.न.	संस्थाको नाम, ठेगाना	समुह						बिषय वा प्रकृति	
				१ एक वडा सम्म कार्यक्षेत्र भएका		उपमहानगरपालिका सम्म कार्यक्षेत्र भएका		एक पालिका भन्दा धेरै कार्यक्षेत्र भएका			
				महिला मात्र	मिश्रीत	महिला मात्र	मिश्रीत	महिला मात्र	मिश्रीत		
		१									
		२									
		३									
		४									

दस्तखत.........................

नाम...........................

पद...........................

मितिः.......................

अनुसूचि - ३

(दफा २२ संग सम्बन्धित)

संस्थाको एकिकरणको पुर्व स्वीकृतिका लागि नियामक निकायमा दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय ज्यू
तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ

विषयः- एकिकरणको पुर्व स्वीकृति ।

उपरोक्त सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका वार्ड नम्बर.................मा रहेको यस............................सहकारी संस्था लि.को साधारण सभाको मिति...............को सैद्धान्तिक निर्णय बमोजिम तपसिल बमोजिमका सहकारी संस्थाहरु संग एकिकरण प्रक्रिया अगाडी बढाउन तहाँको पुर्व स्वीकृतिका लागि निवेदन पेश गर्दछु ।

दस्तखतः
नामः
पदः अध्यक्ष

तपसिल

(क) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(ख) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(ग) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(घ) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,

संलग्न कागज पत्रहरु

१) साधारण सभाको निर्णयको प्रतिलिपि,
२) साधारण सभाको स्वीकृत एकिकरण प्रस्ताव र
३) साधारण सभाबाट पारित लेखापरिक्षण प्रतिवेदन ।

अनुसूचि - ४
(दफा २३ संग सम्बन्धित)

नियामक निकायले संस्था एकिकरणका लागि दिने पुर्व स्वीकृति पत्रको ढाँचा

श्री.....................
...................................सहकारी संस्था लि.
तुलसीपुर उपमहानगरपालिका वार्ड नं......
दाङ

विषयः- एकिकरणको पुर्व स्वीकृति दिएको ।

त्यस संस्थाबाट मिति..........मा तपसिलमा उल्लेखित सहकारी संस्थाहरु संग एकिकरणका लागि पूर्व स्वीकृति पाउँ भनि निवेदन पेश भइ आएकोमा एकिकरण गर्न मनासिव देखिएकोले सहकारी एकिकरण निर्देशिका २०७८ बमोजिम गर्ने गराउने गरी पूर्वस्वीकृति प्रदान गरिएको छ ।

दस्तखतः
नामः
पदः
मितिः

तपसिल

(क) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(ख) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(ग) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,
(घ) दर्ता नं.............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि.,

अनुसूचि - ५
(दफा २९ को उपदफा (१) संग सम्बन्धित)

सहकारी संस्थाको एकिकरण प्रस्ताव स्वीकृतिका लागि नियामक निकायमा दिने दरखास्तको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

बिषयः- एकिकरणको स्वीकृति सम्बन्ध ।

उपरोक्त सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका वार्ड न...... मा रहेका तपसिल बमोजिमका सहकारी संस्थाहरुले एकिकरण प्रक्रिया पुरा गरी संयुक्त साधारण सभाको मिति...............को निर्णय बमोजिम एकिकरण स्वीकृतिका लागि दरखस्त पेश गरेका छौं ।

१) अध्यक्षको दस्तखतः
नामः
सहकारी संस्थाः
छाप

२) अध्यक्षको दस्तखत
नामः
सहकारी संस्थाः
छाप

३) अध्यक्षको दस्तखतः
नामः
सहकारी संस्थाः
छाप

४) अध्यक्षको दस्तखत
नामः
सहकारी संस्थाः
छाप

तपसिल

दर्ता नं............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि., दर्ता नं............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..................सहकारी संस्था लि., दर्ता नं.... ....को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री...... ....सहकारी संस्था लि., दर्ता नं............को ....बिशेषको विषयगत/बहुउद्देश्यीय श्री..............सहकारी संस्था लि., समेत जम्मा ......वटा सहकारी संस्था एकिकरण गरी एउट................बिशेषको विषयगत/बहुउद्देश्यीय सहकारी संस्था कायम गर्ने ।

संलग्न कागज पत्रहरु

१) संयुक्त साधारण सभाको निर्णयको प्रतिलिपि,
२) संयुक्त साधारणबाट पारित भएको प्रस्तावको दुई प्रती,
३) संयुक्त साधारण सभाबाट पारित लेखापरिक्षण प्रतिवेदन ।
४) एकिकरण पछि कायम हुने सहकारी संस्थाको नीति, कार्यक्रम तथा कार्ययोजना दुई प्रति,
५) विनियमको मस्यौदा दुई प्रति,
६) तदर्थ संचालक समितिको फोटो सहितको तिन पुस्ते विवरण दुई प्रति र
७) अन्य सम्पुष्टिजनक कागजपत्र ।

अनुसूचि - ६

(दफा ३ को उपदफा (२) संग सम्बन्धित)

एकिकरण प्रस्तावमा सरोकार,गुनासो वा उजुरीको निवेदन आह्वान गरी नियामक निकायले जारी गर्ने सूचनाको ढाँचा

तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सहकारी शाखा तुलसीपुर, दाङ

विषयः- एकिकरण प्रस्तावमा सरोकार,गुनासो वा उजुरीको निवेदन आह्वान गएिको सूचनाको

प्रकाशन मितिः ....

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका सहकारी शाखाको नियमको क्षेत्राधिकर भित्र पर्ने देहायका सहकारी संस्थाहरुको तर्फबाट मिति.........................मा यस शाखामा दरखस्त दर्ता हुन आएको छ । सहकारी मुल्य,मान्यता, सिद्धान्त, सहकारी ऐन, नियमावली वा आम सदस्यको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकिकरण स्वीकृति गर्नु नपर्नाको कुनै कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारीका सदस्य वा सरोकारवाला कसैको कुनै सरोकार,गुनासो, वा उजुरी भए यो सूचना प्रकाशित भएको मितिले पाँच दिन भित्र अर्थात (मिति..........सम्म) कार्यालय समय भित्र यस शाखामा आई पुग्ने गरी निवेदन दिन आह्वान गरिन्छ । म्याद गुज्री प्राप्त भएको निवेदन उपर कुनै कारवाई नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

दरखास्त दर्ता नं. र मिति	दरखास्तवाला सहकारी संस्था	दरखास्तको विषय	प्रस्तावको विषय	कैफियत

दस्तखतः

नामः

पदः

मितिः

अनुसूचि - ७
(दफा ३२ संग सम्बन्धित)

संस्था दर्ता प्रमाण-पत्रको ढाँचा

नेपाल सरकार
तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर,दाङ

दर्ता प्रमाण-पत्र

दर्ता नं.:

दर्ता मितिः...........

तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन २०७४ को दफा ६ को उपदफा (१) बमोजिम श्री...लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

बर्गिकरण....................................

एकिकरण स्वीकृत गरेको मिति................

दस्तखतः

पदः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छाप

घनश्याम पाण्डे
प्रमुख

अनुसूचि - ८
(दफा ३३ को उपदफा (१) संग सम्बन्धित)

नियामक निकायले जारी गर्ने एकिकरण सूचनाको ढाँचा

तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सहकारी शाखा तुलसीपुर, दाङ

विषयः- सहकारी संस्थाको एकिकरण गएिको सूचना ।
प्रकाशन मितिः ....

तुलसीपुर उपमहानगरपालिका को क्षेत्राधिकारमा पर्ने देहायका सहकारी संस्थाहरु देहाय बमोजिम एकिकरण गर्ने यस शाखाको मिति...................मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

दरखास्त दर्ता नं. र मिति	बिषय	साविक सहकारी संस्था			हाल कायम भएको सहकारी संस्था			कैफियत
		दर्ता नं.	नाम	कार्यक्षेत्र	दर्ता नं.	नाम	कार्यक्षेत्र	

दस्तखतः

नामः

पदः

प्रमाणिकरण

दस्तखत : ....

नाम : घनश्याम पाण्डे

पद : प्रमुख

मिति : २०७८/०७/११

पृष्ठ संख्या : २१ (एकाईस)